# खाँदबारी नगरपालिका,

# आर्थिक विद्येयक, २०८२

आगामी आ.व. २०८२/०८३

मिति २०८२।०३।०९ गते

श्रीमान् नगर प्रमुख ज्यू
खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खाँदबारी, संखुवासभा।

**विषय : प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित यस खाँदबारी नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको बैठक समितिको संयोजक तथा नगर-उपप्रमुख श्री महेश्वरा श्रेष्ठ बज्राचार्यज्यूको संयोजकत्वमा राजश्वसम्वन्धी कर नीति, दर, दायरा पेश भई छलफल भएका सुझाव, सिफारिस तथा निर्णयहरु तपशिल बमोजिम तयार गरी पेश गरेको छु।

..............................

**(महेश्वरा श्रेष्ठ बज्राचार्य)**

**नगर उप-प्रमुख तथा संयोजक स्थानीय राजस्व परामर्श समिति**

**तपशिल**

१. बैठक सम्पन्न भएको मिति २०८२।०१।३०, २०८२।०१।३१, २०८२।०२।०१ र २०८२।०२।०२
   विशेष आमन्त्रित : नगर प्रमुख महेश थपलियाज्यू, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
२. समितिका पदाधिकारी बैठकमा सहभागीहरु :

- उपप्रमुख तथा संयोजक श्री महेश्वरा श्रेष्ठ (बज्राचार्य), खाँदबारी नगरपालिका, संखुवासभा।
- प्र.प्र.अ. तथा समिति सदस्य श्री पदम प्रसाद बजगाई, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
- अध्यक्ष तथा समिति सदस्य श्री निरञ्जन श्रेष्ठ, खाँ.न.पा. १ नं. वडा कार्यालय
- का.पा.स. अध्यक्ष तथा समिति सदस्य श्री पवित्राकुमारी गुरुङ, खाँ.न.पा. ४ नं. वडा कार्यालय
- अध्यक्ष तथा समिति सदस्य श्री डेगराज वस्नेत संखुवासभा उद्योग वाणिज्य संघ, संखुवासभा।
- महासचिव तथा समिति सदस्य सुनिता काफ्ले राई घरेलु तथा साना उद्योग महासंघ , संखुवासभा।
- सदस्य सचिव श्री विमल वानिया, खाँदबारी नगरपालिकाको कार्यालय

**आमन्त्रित**

लेखा अधिकृत श्री रुद्रमणि श्रेष्ठ, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
प्रशासकीय अधिकृत श्री लवहाङ राई, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
आ.ले.प. श्री गुणराज खत्री, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
प्रशासकीय अधिकृत श्री दिनेश कट्टेल, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
लेखा अधिकृत श्री सरोज कुमार श्रेष्ठ, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
ईन्जनियर श्री विजयकुमार खड्का, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
सहायक पाँचौ श्री भोजराज चौलागाई, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
श्री गोकुल खनाल नगर प्रमुखको सचिवालय, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।
श्री सरोज श्रेष्ठ नगर उपप्रमुखको सचिवालय, खाँदबारी नगरपालिकाको कार्यालय, संखुवासभा।

**३. आगामी आ.व. २०८२/०८३ का लागि छलफल भएका एजेण्डा/प्रस्तावहरु**

१. चालु आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपणको समिक्षा सम्वन्धमा।

२. आगामी आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपण सम्वन्धमा।

३. स्थानीय राजस्व बाँडफाट सम्वन्धमा।

४. विद्युत उत्पादन तथा प्रशारण लाइनको लगत कायम गर्ने सम्वन्धमा।

५. कार्ययोजना बनाउने सम्वन्धमा।

६. अनुगमन सम्वन्धमा।

७. आर्थिक विद्येयक, २०८२ सिफारिस गर्ने सम्वन्धमा।

८. सम्पत्ति कर सम्वन्धमा।

९. व्यवसाय कर सम्वन्धमा।

१०. सेवा दस्तुर, शुल्क सम्बन्धमा।

११. जडिवुटी, कवाडी र जिवजन्तु कर अनुगमन तथा निरीक्षण सम्वन्धमा।

१२. निजी आवदी कटान सिफारिस सम्वन्धमा।

**४. सुझाव तथा निर्णयहरु :**

**निर्णय नं. १**

खाँदबारी नगरपालिकाको मितिं २०८१।०३।३० गतेको निर्णयानुसार आ.व. २०८१/०८२ देखि २०८३/०८४ सम्मको लागि अनुमानित आन्तरिक आय प्रक्षेपणमा चालु आ.व. २०८१।०८२ को लागि रु. ४,३५,००,०००।– (अक्षरुपी: रु. चार करोड पैत्तिस लाख मात्र) अनुमानित आन्तरिक आय प्रक्षेपण गरिएकोमा चालु आ.व. २०८१।०८२ अवधिको मिति २०८१।०४।०१ गतेदेखि मिति २०८२।०१।२९ गतेसम्म रु. २,२५,७५,४३५.३८।- (अक्षरुपी: रु. दुई करोड पच्चिस लाख पचहत्तर हजार चार सय पैतिस रुपिया अठतिस पैसा मात्र) आन्तरिक आय संकलित भएकाले आगामी आ.व. हरुमा अनुमानित आन्तरिक आय प्रक्षेपण गर्दा वैज्ञानिक, संकलित System लाई मध्यनजर गरी कायम गर्नुपर्ने, चालु आ.व. हरुको लागि नगर क्षेत्रभित्र सञ्चालित आयोजनाहरुमा जग्गा प्राप्ति हुँदा नगरपालिकालाई प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन शुल्क बापत बाँडफाडबाट प्राप्त हुने राजश्व प्रक्षेपण गर्न र नगरकार्यपालिका बैठकले राजश्व संकलित आय शिर्षक/क्षेत्रमा नीतिगत निर्णय गर्नुपर्ने भएमा समयमै निर्णय हुन पर्ने सिफारिस गरियो।

**निर्णय नं. २**

खाँदबारी नगरपालिकाको आवधिक नगर विकास योजना आ.व. २०७८/०७९ देखि २०८२/०८३ सम्म र समितिले आ.व. २०८१/०८२ देखि २०८३/०८४ सम्मको लागि अनुमानित आन्तरिक आय प्रक्षेपण गरिएता पनि वैज्ञानिक एवम् सन्तोषजनक राजस्व संकलित भएको नदेखिएकाले पुन: संकलित राजश्वको System अध्ययन विश्लेषण गरी आगामी आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्मको लागि अनुमानित आन्तरिक आय प्रक्षेपण देहाय बमोजिम सिफारिस गरियो ।

क्रमशः..........

## देहाय

## आगामी आ.व. २०८२/०८३ देखि २०८५/०८६ सम्मको लागि अनुमानित आन्तरिक आय प्रक्षेपण

| सि.नं. | आन्तरिक आय शिर्षक | खाँदबारी नगरपालिकाको आन्तरिक आय अनुमान प्रक्षेपण | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | सम्पत्ति कर | 8,000,000.00 | 7,000,000.00 | 7,050,000.00 | 7,000,000.00 | 8,000,000.00 |
| २ | घर/जग्गा वहाल कर | 700,000.00 | 5,000,000.00 | 5,050,000.00 | 5,000,000.00 | 7,000,000.00 |
| ३ | वहाल विटौरी कर | 1,400,000.00 | 1,000,000.00 | 707,000.00 | 700,000.00 | 800,000.00 |
| ४ | अन्य मनोरञ्जन कर | 836,000.00 | 0.00 | 900,000.00 | 0.00 | 900,000.00 |
| ५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर दर्ता | 900,000.00 | 400,000.00 | 800,000.00 | 800,000.00 | 650,000.00 |
| ६ | अखेटोपहार कवाडीमा लाग्ने कर | 400,000.00 | 50,000.00 | 300,000.00 | 300,000.00 | 200,000.00 |
| ७ | अन्य कर (मूल्य अभिवृद्धि कर) | 300,000.00 | 0.00 | 150,000.00 | 150,000.00 | 130,000.00 |
| ८ | महशुल तथा सेवा शुल्क | 50,000.00 | 20,000.00 | 20,000.00 | 20,000.00 | 20,000.00 |
| ९ | विद्युत सेवा शुल्क | 50,000.00 | 30,000.00 | 10,000.00 | 20,000.00 | 20,000.00 |
| १० | सेवा शुल्क तथा दस्तुर | 1,600,000.00 | 1,500,000.00 | 1,500,000.00 | 1,300,000.00 | 1,300,000.00 |
| ११ | न्यायिक दस्तुर | 4,000.00 | 3,000.00 | 20,000.00 | 20,000.00 | 20,000.00 |
| १२ | शिक्षा क्षेत्रको आम्दानी | 40,000.00 | 10,000.00 | 200,000.00 | 200,000.00 | 200,000.00 |
| १३ | परीक्षा शुल्क | 20,000.00 | 10,000.00 | 50,000.00 | 50,000.00 | 50,000.00 |
| १४ | नक्सापास दस्तुर | 5,800,000.00 | 5,000,000.00 | 10,000,000.00 | 10,000,000.00 | 11,000,000.00 |
| १५ | सिफारिश दस्तुर | 12,000,000.00 | 10,000,000.00 | 6,100,000.00 | 6,100,000.00 | 6,200,000.00 |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | 400,000.00 | 400,000.00 | 1,000,000.00 | 1,000,000.00 | 2,000,000.00 |
| १७ | नाता प्रमाणित दस्तुर | 1,500,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 | 1,000,000.00 |
| १८ | अन्य दस्तुर | 1,700,000.00 | 1,000,000.00 | 1,600,000.00 | 1,000,000.00 | 1,000,000.00 |
| १९ | व्यवसाय रजिष्ट्रेशन दस्तुर नविकरण | 7,000,000.00 | 2,027,000.00 | 850,000.00 | 850,000.00 | 850,000.00 |
| २० | अन्य राजस्व | 100000 | 0 | 0 | 0 | 0 |
| २१ | बेरुजु | 100,000.00 | 0.00 | 200,000.00 | 200,000.00 | 200,000.00 |
| २२ | दहत्तर बहत्तर शुल्क | 600,000.00 | 550,000.00 | 5,000,000.00 | 5,000,000.00 | 5,000,000.00 |
| संकलित गर्न सकिने जम्मा आन्तरिक आय | | 43,500,000.00 | 35,000,000.00 | 42,507,000.00 | 40,710,000.00 | 46,540,000.00 |

**निर्णय नं .३**

आगामी आ.व. २०८२/०८३ को लागि स्थानीय राजस्व बाँडफाट घरजग्गा रजिष्ट्रेशन शुल्क बापत बाँडफाँटबाट प्राप्त हुने करिव रु १,००,००,०००।- (एक करोड) प्रस्ताव गरिएको छ ।

**निर्णय नं. ४**

विद्युत उत्पादन तथा प्रशारण लाइनको विवरण लगत कायम गर्ने सम्वन्धमा खाँदबारी नगरपालिका वा अन्तर्गतका वडा कार्यालयहरुलाई ७ (सात) दिन भित्र आफ्नो क्षेत्राधिकार भित्र स्थापना भएका विद्युत उत्पादन तथा प्रशारण लाइनको विवरण संकलन गर्न निर्देशन दिन सिफारिस गरियो ।

**निर्णय नं. ५**

स्थानीय राजस्व परामर्श समितिले आगामी आ.व. २०८२।०८३ का लागि वढी भन्दा वढी राजस्व प्राप्त गर्न आन्तरिक आयलाई बलियो बनाउने प्रयोजनका लागि सवै समितिका पदाधिकारी तथा कर्मचारीहरुले अध्ययन तथा विश्लेषण गरी यस वर्ष गर्नुपर्ने कार्यको कार्ययोजना तयार गर्न नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।

**निर्णय नं. ६**

आगामी आ.व. २०८२।०८३ का लागि खाँदबारी नगरपालिकाबाट प्राप्त गर्ने आन्तरिक आय रु. ३ करोड ५० लाख प्रक्षेप्पण गरेकोले आन्तरिक आय उठाउने प्रयोजनका लागि राजस्व प्राप्त हुने सबै क्षेत्रमा तालिमको तालिका बनाई अनुगमन गर्न, नियमन गर्न, निर्देशन गर्न, कारवाही गर्न समितिका विधिहरु अवलम्वन गर्न स्थानीय राजस्व परामर्श समिति तथा सरोकारवाला पक्षबाट निरन्तर अनुगमन गर्न नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।

**निर्णय नं. ७**

स्थानीय राजस्व परामर्श समितिले आगामी आ.व. २०८२।०८३ का लागि प्रक्षेप्पण गरिएको आन्तरिक आयको निस्कर्षसहित निर्णय भएको आर्थिक विद्येयक, २०८२ आगामी आ.व. २०८२।०८३ को लागि समयमै पारित गराउन लगाउन नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।

**निर्णय नं. ८**

सम्पत्ति कर सम्वन्धमा स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को परिच्छेद ९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा **मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्थामा सम्पत्ति कर लाग्ने छैन** भन्ने व्यवस्था भएकाले तसर्थ खाँदबारी नगरपालिका वा अन्तर्गत क्षेत्रका मुनाफाको उद्देश्य राखी सञ्चालन भएका शिक्षण संस्थाहरुलाई सम्पत्ति कर दाखिला गर्न लगाउन नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।

**निर्णय नं. ९**

व्यवसाय कर सम्वन्धमा नविकरण गर्ने छुट भएका व्यवसायलाई आवश्यक छुट सुविधा उपलब्ध गराई नविकरण गर्ने व्यवस्था मिलाउने, घरदैलो तथा करदाता सेचतना कार्यक्रम सञ्चालन गरी नगर भित्रका सवै व्यवसायलाई करको दायरामा ल्याउने । व्यवसाय दर्ता नविकरण गर्दा संखुवासभा उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग कार्यालयको दोहोरो सिफारिसमा पत्राचार गरी सहकार्य गर्न सिफारिस गरियो ।

**निर्णय नं. १०**

खाँदबारी नगरपालिकाको कार्यालयको आर्थिक विद्येयक, २०८२ को लागि देहाय बमोजिम सेवा दस्तुर, शुल्क कायम गर्न नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।

**देहाय**

| सि.नं. | अनुसूची | शिर्षक | हालको भएको व्यवस्था | थप तथा संशोधन हुनुपर्ने व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १. | अनुसूची-४ | व्यवसाय कर | मौजुदा सूचीमा सूचिकृत हुने कम्पनी/फर्म (PAN दर्ता प्रमाणपत्र भएको हकमा) रु. १,०००।– | मौजुदा सूचीमा सूचिकृत हुने कम्पनी/फर्म (PAN दर्ता प्रमाणपत्र भएको हकमा) रु. १,१००।– | १० प्रतिशत वृद्धि |

| सि.नं. | अनुसूची | शिर्षक | हालको भएको व्यवस्था | थप तथा संशोधन हुनुपर्ने व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| २. | अनुसूची-१२ | सेवा दस्तुर, शुल्क | न्यायिक निवेदन दर्ता शुल्क रु. १०० | न्यायिक निवेदन दर्ता शुल्क रु. १५० | |
| ३. | - | - | - | नावालिका परिचय पत्र सिफारिस रु. २५० (दुई सय पचास रुपिया) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| ४. | - | - | - | अन्यत्र स्थानीय तह बसाई सरी नजाने तर निजका घरमा रहेका पुराना सामान लैजान सिफारिस रु. ५०० (पाँच सय मात्र) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| ५. | - | - | - | फोटो प्रमाणित सिफारिस दस्तुर रु. ३०० (तीन सय) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| ६. | - | - | - | सिमा पास सिफारिस दस्तुर रु. ३०० (तीन सय) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| ७. | - | - | - | फरक फरक नामथर र जन्ममिति एकै भएको | अनुसूची-१२ को सेवा दस्तुर, |

| सि.नं. | अनुसूची | शिर्षक | हालको भएको व्यवस्था | थप तथा संशोधन हुनुपर्ने व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | प्रमाणित सिफारिस रु. ३०० (तीन सय) | शुल्क करमा थप गर्नुपर्ने। |
| ८. | - | - | - | नागरिकतामा पतिको नामथर कायम गर्ने सिफारिस (सम्मानित अदालतको आवश्यक काजगात पेश गर्नुपर्ने) रु. ३०० (तीन सय) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| ९. | - | - | - | नागरिकतामा पतिको नामथर हटाउने सिफारिस (सम्मानित अदालतको आवश्यक काजगात पेश गर्नुपर्ने) रु. ३०० (तीन सय) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| १०. | - | - | - | आर्थिक अवस्था कमजोर भएको सिफारिस रु. १०० (एक सय) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |
| ११. | - | - | - | अन्य कार्यालयमा सामग्री उपलव्ध गराईदिने सम्वन्धी सिफारिस रु. ३०० (तीन सय) | अनुसूची-१२ को सेवा दस्तुर, शुल्क करमा थप गर्नुपर्ने। |

**निर्णय नं. ११**

जडिवुटी कवाडी र जिवजन्तु कर सम्वन्धमा नगरपालिकाको क्षेत्राधिकारबाट कुनै व्यक्ति वा संस्थाले कवाडी मालसामान प्रचलित कानूनले निषेधित गरेका बाहेकका कवाडी बस्तुको निकासी गर्दा करको दायरामा ल्याउन तथा चुवावट रोक्न न्यूनतम अंक ठेक्का कायम गरी नगर क्षेत्रको ९ नं. वडा स्थित कत्लेभञ्ज्याङ्गमा चेक जाँच केन्द्र स्थापना गरी नगर प्रहरी इकाईका नगर प्रहरीबाट अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाउन नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।

**निर्णय नं. १२**

निजी आवदी कटान सिफारिस  सम्वन्धमा खाँदबारी नगर क्षेत्रबाट निजी आवादीको नेपाल सरकारले कटान तथा ओसारपोसारमा प्रतिवन्ध लगाएका बाहेक कुकाठ प्रजातीका रुखहरु कटानको लागि सिफारिस गर्दा प्रति रुखको दर रु. २०० (अक्षरेपी: दुई सय मात्र) सिफारिस शुल्क कायम गर्न लगाउन नगरकार्यपालिका समक्ष सिफारिस गरियो ।